गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

# गौशाला नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ८ संख्या २ मिति:२०८१/११/१२

भाग-२
गौशाला नगरपालिका

## आर्थिक सहायता कार्यविधि,२०८१

प्रमाणिकरण मिति:२०८१/११/१२

# गौशाला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## गौशाला, महोत्तरी

## आर्थिक सहायता कार्यविधि,२०८१

प्रस्तावना :

गौशाला नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो ,छरितो ,मितव्ययी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेहरुलाई अनुशासित ,जवाफदेही,उत्तदायी बनाई अपेक्षित परिमाण हासिल गर्न तथा शहीदनगर नगरपलिकाको कोषको सही सदुपयोग तथा परिचालन गर्न र समाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरीकहरुको मौलिक हकको प्रत्याभुत गर्न वाञ्छनीय भएकोले ,

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी गौशाला नगरपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद १

*प्रारम्भिक*

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम गौशाला नगरपालिकाको आर्थिक सहायता कार्यविधि २०८१ रहेको छ ।

(२) यो कार्यबिधि कार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हुने छ ।

२. परिभाषा :

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) "आर्थिक सहायता" भन्नाले कुनै पनि किसिमको दैविक वा मानवीय कारण बाट जिउज्यान ,धनजन, चौपाया र अन्य सम्पत्ति क्षति भएको विपन्न र दलित व्यक्तिलाई नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग भन्ने बुझाउछ ।

(ख) "दैविक विपत्ति " भन्नाले भुकम्प ,बाढी ,पहिरो ,हुरी बतास ,असिना,शितलहर, तातो हावाको लहर जस्ता प्रकोप भन्ने बुझाउँछ ।

(ग) "मानविय विपति " भन्नाले मानिसका कारण बाट भएको आगलागि ,महामारी ,हुलदंगा , जल ,औधोगिक दुर्घटना ,बिषाक्त खाद्य सेवन ,विपाक्त ग्यास , रसायण वा विकिरण चुहावट जस्ता विपति वुझाउँछ ।

(घ) "दिर्घ रोग " भन्नाले क्यान्सर ,मुटु रोग ,मृगौला सम्बन्धि रोग र एच.आई.भी.एड्स जस्ता रोग बुझाउँछ ।

## परिच्छेद २

## सहायता रकम

३. संकटहरु पुर्ण रुपमा समाधान गर्न नसकिने र न्यनिकरणका उपायहरु अपनाउदै अपनाउदै समेत संकट आईपर्ने र उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केही मात्रामा भएपनि राहत पुग्ने महसुस गर्दै तपसिल अनुसारको शिर्षकमा तपसिल अनुसारको आर्थिक सहायता नगर प्रमुखको आदेश बमोजिम रु.पाँच सय देखी रु पच्चिस हजार सम्म नगद वा जिन्शी मालसमान प्रदान गर्न सकिने छ । सो भन्दा बढी रकम को आर्थिक सहायता कार्यपालिकाले निर्णय गरे अनुसार प्रदान गरिने छ ।

क. मृत्तु भएका मृतकका परिवारका लागि तत्काल राहत पुग्ने गरी

| कारण | सहायता गर्न सकने रकम |
|---|---|
| आगलागि | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।०० |
| दुर्घटना (करेन्ट ,चटयाङ,साधन तथा औजार बाट) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।०० |
| रुख ,खोला नाला ,भिर पहिरो आदी | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।०० |
| दैवि प्राकृतिक विपत्ति | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।०० |

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

| | |
|---|---|
| बेवारिसे मानिस (बाहिर बाट आएको वा न.पा. भित्रको ठाउँ ठेगाणा खुल्ने गरी बाहिर गएर मरेको ) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।०० |
| स नगरपालिका क्षेत्र भित्रको बैदेशिक रोजगारका क्रममा मृत्यु भएको ब्यक्ति | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।०० |
| बिषालु पदार्थ सेवन (जस्तै पानिमा बिष परेको) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।०० |
| जनावर बाट क्षति (मानसिव क्षति भए) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।०० |

<u>वितरणका अधारहरु</u>

(१) प्रहरी सर्जमिन मुचुल्का

(२) प्रकृति अनुसारको प्रमाण सहीत वडा कार्यालयको सिफारीस पत्र

(३)निवेदन

(४) सम्भव भए सम्म तसविर फोटो

ख.<u>घाईते तथा उपचारको क्रममा रहेको लाई सहायता खर्न सकिने रकम</u>

| कारण | गम्भिर | समान्य |
|---|---|---|
| जनावर | बढीमा रु.१०,०००।०० | बढीमा रु.२००० देखी रु ५००० |
| आगलागी | बढीमा रु.१०,०००।०० | बढीमा रु.२००० देखी रु ५००० |
| बाढी पहिरो | बढीमा रु.१०,०००।०० | बढीमा ५०००।०० |
| हुरी बतास | बढीमा रु.१०,०००।०० | बढीमा ५०००।०० |
| चटयाङ् | बढीमा रु.१०,०००।०० | बढीमा ५०००।०० |
| मानविय र दैविक तथा प्राकृतिक विपत्ति | बढीमा रु.१०,०००।०० | बढीमा ५०००।०० |

<u>वितरणका अधारहरु</u>

(१) बिरामी दर्ता पुर्जा

(२) प्रकृति अनुसारको प्रमाण सहीत वडा कार्यालयको सिफारीस पत्र

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

(३)सम्बन्धित विरामी वा संरक्षकको निवेदन

ग.<u>गम्भिर प्रकृतिकका रोगहरु (रोगि उपचारको क्रममा हुनुपर्ने)</u>

| रोगहरुको प्रकार | सहायता गर्न सकने रकम |
|---|---|
| क्यानसर | बढीमा रु.१००००।०० |
| मृगौला | बढीमा रु.१००००।०० |
| मुटु | बढीमा रु.१००००।०० |
| एच.आई.भि.एड्स | बढीमा रु.७०००।०० |
| दम | बढीमा रु.२५००।००(वीमा प्रोत्साहनको लागि विपन्न परिवारको लागि मात्र) |
| मधुमेह | बढीमा रु.२५००।०० |
| उच्च रक्तचाप | बढीमा रु.२५००।०० |
| पत्थरी | बढीमा रु.२५००।०० |
| छाला तथा नसा रोगि | बढीमा रु.१००००।०० |

<u>वितरणका अधारहरु</u>

(१) बिरामी दर्ता पुर्जा

(२) प्रकृति अनुसारको प्रमाण सहीत वडा कार्यालयको सिफारीस पत्र

(३)सम्बन्धित विरामी वा संरक्षकको निवेदन

४. माथि उल्लेखित विषयमा नपरेका, छुट वा माथि उल्लेखित शिर्षकमा भएका जुनसुकै विषयहरु आएमा र नगर प्रमुखलाई मानसिव लागेमा नगर प्रमुखको आदेश बाट रु.२५,०००।०० अक्षारेपि पच्चिस हजार रुपैया मात्र सम्म भुक्तानि दिन सकिनेछ ।

५. गाउँ घरमा धार्मिक तथा संस्कृतिक मान्यता अनुसार मेला व्यवस्थापन गर्नको लागि नगर प्रमुखको तोकादेशबाट रु ५०,०००।०० अक्षेरेपि पच्चास हजार मात्र सम्म भुक्तानि दिन सकिनेछ। सो रकम भुक्तानी दिदाँ वडाको सिफारिस, मेला व्यवस्थापन समितिको निवेदन तथा निर्णय, मेला व्यवस्थापनको लागने खर्चको लागत अनुमान साथै विल भरपाई समेत पेश गर्नु पर्नेछ।

परिच्छेद ३

<u>समायवधि</u>

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
प्रदेश नं. २, नेपाल
२०७३

६ . विपदले जनधनको क्षति साथै जीवनयापन र वातावरणमा पारेका प्रकृति असर/प्रभावहरुलाई कम गर्न र जिवनयापन केही हद सम्म सहजता ल्उन नियमानुसार राहत रकम निवेदन प्राप्त भएको मितिले विशेष परिस्थिति बाहेक १५ दिन भित्र सम्बन्धित पिडितलाई उपलब्ध गराईनेछ ।

## परिच्छेद ४

## विविध

७ . यो कार्यविधिका कुनै दफाहरु संघिय , प्रदेश कानुन संग बाँझिएमा उक्त दफा बाँझिएको हद सम्म अमान्य हुने छ ।साथै नगर प्रमूख श्री प्रदिप कुमार यादवज्यू नव निर्वाचित भए आएदेखि नगर प्रमुखको तोकादेशबाट प्रदान गरिएको आर्थिक सहयोग समेत यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

८.यस अघि दिईएको गरिएको आर्थिक सहायता यसै कानुन बमोजिम भए/गरेको मानिनेछ ।

आज्ञाले<br>
केशव कुमार अधिकारी<br>
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१/११/१२ गते बसेको कार्यपालिकाको
निर्णय नं. १३ बमोजिम स्वीकृत

गौशाला नगरपालिका<br>
नगर कार्यपालिकाको कार्यालय<br>
गौशाला, महोत्तरी<br>
मधेश प्रदेश, नेपाल<br>
२०७४